“ आशीर्वाद देऊ आशीर्वाद लेऊ , कारणलाई निवारण गरेर समस्याहरूको समाधान गर”

आज प्यारका सागर बापदादा आफ्ना प्यार स्वरूप बच्चाहरूको प्यारको डोरीमा खिचिएर मिलन मनाउन आउनु भएको छ। बच्चाहरूले बोलाए, अनि हजुर हाजिर हुनुभयो। अव्यक्त मिलन त सदा मनाइरहन्छन्, फेरि पनि साकारमा बोलाएकाले बापदादा बच्चाहरूको विशाल मेलामा पुग्नुभएको छ। बापदादालाई बच्चाहरूको स्नेह, बच्चाहरूको प्यार देखेर खुसी हुन्छ र दिलमा चारैतिरका बच्चाहरूको लागि गीत गाउनु हुन्छ– “वाह श्रेष्ठ भाग्यवान बच्चाहरू वाह! भगवानको प्यारका पात्र आत्माहरू वाह!’” यति ठूलो भाग्य र यति साधारण रूपमा सहज प्राप्त हुने छ, यो स्वप्नमा पनि सोचेका थिएनौ। तर आज साकार रूपमा भाग्यलाई देखिरहेका छौ। बापदादाले देखिरहनु भएको छ– टाढा बसेर पनि बच्चाहरूले मिलन मेला मनाइरहेका छन्। बापदादाले उनीहरूलाई देखेर मिलन मनाइरहनु भएको छ। धेरैजसो माताहरूलाई गोल्डेन चान्स मिलेको छ र बापदादालाई पनि विशेष शक्ति सेनालाई देखेर खुसी हुन्छ– चार पर्खालभित्र रहने माताहरू बाबाद्वारा विश्व कल्याणकारी बनेर विश्वको राज्य अधिकारी बनेका छन्। बनेका छौ कि बनिरहेका छौ, के भन्छौ? बनेका छौ नि! विश्वको राज्यको मख्खनको गोला तिमीहरू सबैको हातमा छ नि! बापदादाले देख्नुभयो– जति पनि माताहरू मधुबनमा पुगेका छन्, उनीहरूलाई एक कुराको धेरै खुसी छ, कुनचाहिँ खुसी छ? बापदादाले हामी माताहरूलाई विशेष बोलाउनु भएको छ। त्यसैले माताहरूसँग विशेष प्यार छ नि! नसाले भन्छन्– बापदादाले बोलाउनु भएको छ। मलाई बोलाउनु भएको छ, म किन नआउने! बापदादाले पनि सबैको रूहरिहान सुनिरहनु हुन्छ, यो खुसीको नसा देखिरहनु हुन्छ। त्यसो त पाण्डव पनि कम छैनन्, पाण्डवहरू बिना पनि विश्वको कार्यको समाप्ति हुन सक्दैन। तर आज विशेष माताहरूलाई पाण्डवहरूले पनि अगाडि राखेका छन्।

बापदादाले सबै बच्चाहरूलाई धेरै सहज पुरुषार्थको विधि सुनाइरहनु भएको छ। माताहरूलाई सहज चाहिन्छ नि! त्यसैले बापदादाले सबै माताहरू, बच्चाहरूलाई भन्नुहुन्छ, सबैभन्दा सहज पुरुषार्थको साधन हो– “केवल हिँड्दा-डुल्दा सम्बन्ध-सम्पर्कमा आउँदा हरेक आत्मालाई दिलदेखि शुभभावनाको आशीर्वाद देऊ र अरूबाट पनि आशीर्वाद लेऊ।” चाहे तिमीलाई कसैले जेसुकै देओस्, श्राप नै देओस् तर तिमीले त्यस श्रापलाई पनि आफ्नो शुभभावनाको शक्तिले आशीर्वादमा परिवर्तन गरिदेऊ। तिमीद्वारा हर आत्मालाई आशीर्वाद अनुभव होस्। त्यतिबेला अनुभव गर, जसले श्राप दिइरहेको छ, ऊ यस समयमा कुनै न कुनै विकारको वशीभूत छ। वशीभूत आत्मा प्रति वा परवश आत्मा प्रति कहिल्यै पनि श्राप निस्किदैन। उस प्रति सदा सहयोग दिने आशीर्वाद निस्किन्छ। केवल एउटा कुरा याद राख– मैले निरन्तर एउटै कार्य गर्नु छ– “सङ्कल्पद्वारा, बोलीद्वारा, कर्मणाद्वारा, सम्बन्ध-सम्पर्कद्वारा आशीर्वाद दिनु र आशीर्वाद लिनु छ।” यदि कुनै आत्मा प्रति कुनै पनि व्यर्थ सङ्कल्प वा नेगेटिभ सङ्कल्प आयो भने पनि, त्यतिबेला यो याद राख– मेरो कर्तव्य के हो! जस्तै कहीँ आगो लागिरहेको छ भने कोही आगो निभाउनेहरू हुन्छन्, त्यतिबेला उनीहरूले आगोलाई देखेर पानी हाल्ने आफ्नो कार्य बिर्सिंदैनन्, उनीहरूलाई याद हुन्छ– हामी पानी हाल्नेहरू हौँ, आगो निभाउनेहरू हौँ। त्यसैगरी यदि कसैले कुनै पनि विकारको आगोको वशमा कुनै पनि यस्तो कार्य गर्‍यो जुन तिमीलाई राम्रो लागेन भने तिमीले आफ्नो कर्तव्य याद राख– मेरो कर्तव्य हो– कुनै पनि प्रकारको आगो निभाउने, आशीर्वाद दिने। शुभभावनाको सहयोग दिने। बस्, एक शब्द याद राख, माताहरूले सहजै एक शब्द याद राख्नु छ– “आशीर्वाद दिने, आशीर्वाद लिने”। माताहरूले यो गर्न सक्छौ? (सबै माताहरूले हात उठाइरहेका छन्) गर्न सक्छौ कि गर्नु नै छ? पाण्डवहरूले गर्न सक्छौ? पाण्डवहरूले भन्छन्– गर्नु नै छ। गायन गरिएको छ पाण्डव अर्थात् सदा विजयी र शक्ति सदा विश्व कल्याणकारी नामले प्रसिद्ध छ।

बापदादाको चारैतिरका बच्चाहरूसँग अहिलेसम्म एक आशा रहेको छ। बताउँ, त्यो कुनचाहिँ आशा हो? बुझि त सक्यौ होला! टिचरहरूले बुझिसक्यौ नि! सबै बच्चाहरूले यथाशक्ति पुरुषार्थ त गरिरहेका छन्। बापदादा पुरुषार्थ देखेर मुस्कुराउनु हुन्छ। तर एक आशा यो छ– पुरुषार्थमा अब तीव्रगति हुनुपर्छ। पुरुषार्थमा तर अब तीव्रगति हुनुपर्छ। यसको विधि हो– ‘कारण’ शब्द समाप्त होस् र सदा निवारण स्वरूप बनोस्। कारण त समय अनुसार

बन्छन् नै र बनिरहने छन्। तर तिमीहरू सबै निवारण स्वरूप बन किनकि तिमीहरू सबै बच्चाहरूले विश्वलाई निवारण गरेर सबैलाई, धेरैजसो आत्माहरूलाई निर्वाणधाममा पठाउनु छ। स्वयंलाई निवारण स्वरूप बनाएपछि मात्र विश्वका आत्माहरूलाई निवारण स्वरूपद्वारा सबै समस्याहरूको निवारण गरेर निर्वाणधाममा पठाउन सक्नेछौ। अहिले विश्वका आत्माहरूले मुक्ति चाहन्छन् र बाबाद्वारा मुक्तिको वर्षा दिलाउने निमित्त तिमी हौ। निमित्त आत्माहरूले पहिला स्वयंलाई भिन्न भिन्न समस्याहरूको कारणलाई निवारण गरेर मुक्त बनाउँछौ, तब विश्वलाई मुक्तिको वर्षा दिलाउन सक्छौ। त्यसोभए मुक्त छौ? कुनै पनि प्रकारको समस्याको कारण अगाडि नआओस्, यो कारण छ, यो कारण छ, यो कारण छ... जब कुनै कारण सामुन्ने आयो भने सेकेन्डमा कारणको निवारण सोच, यो सोच– जब विश्वको निवारण गर्नेवाला हुँ भने के स्वयंको साना-साना समस्याहरूको स्वयं निवारण गर्न सक्दिनँ! अब त आत्माहरूको क्यु तिम्रो सामुन्ने आउनेछ, "हे मुक्तिदाताहरू! मुक्ति दिनुहोस्" किनकि मुक्तिदाताका डाइरेक्ट बच्चाहरू हौ, अधिकारी बच्चाहरू हौ। मास्टर मुक्तिदाता त हौ नि। तर क्युको अगाडि तिमी मास्टर मुक्तिदाताहरू तिरबाट एक रोकावटको ढोका बन्द हुन्छ। क्यु तयार छ तर कुनचाहिँ ढोका बन्द हुन्छ? पुरुषार्थमा कमजोर पुरुषार्थको, एक शब्दको ढोका हुन्छ, त्यो हो "किन"। प्रश्न चिन्ह, (?) किन, यो किन शब्दले अहिले क्युलाई सामुन्ने ल्याउँदैन। बापदादाले अहिले देश विदेशका सबै बच्चाहरूलाई यो स्मृति दिलाइरहनु भएको छ– तिमीहरूले समस्याहरूको ढोका 'किन', यसलाई समाप्त गर। गर्न सक्छौ? टिचरहरूले गर्न सक्छौ? पाण्डवहरूले गर्न सक्छौ? सबैले हात उठाइरहेका छौ कि कोही कोहीले? विदेशी त एवररेडी छौ नि! छौ कि छैनौ? यदि छौ भने सीधा हात उठाऊ। कसै कसैले यसो यसो गरिरहेका छन्। अब कुनै पनि सेवाकेन्द्रमा समस्याको नामनिसान नहोस्। यस्तो हुन सक्छ? हरेकले सम्झिउन् मैले गर्नु छ। टिचरहरूले सम्झिउन् मैले गर्नु छ, विद्यार्थीले सम्झिउन् मैले गर्नु छ, प्रवृत्तिमा रहनेले सम्झिउन् मैले गर्नु छ, मधुबन निवासीले सम्झिउन् हामीले गर्नु छ। गर्न सक्छौ हैन? समस्या शब्द नै समाप्त होस्, कारण खतम भएर निवारण आओस्, यो हुन सक्छ! के हुन सक्दैन, जब पहिला सुरुमा स्थापनाको समयमा आएका सबै बच्चाहरूले के प्रतिज्ञा गरेका थिए र गरेर देखाए! असम्भवलाई सम्भव बनाएर देखाए। देखायौ हैन? त्यो अहिले कति वर्ष भयो? स्थापनाको कति वर्ष भयो? (६५) यति वर्षमा असम्भवबाट सम्भव हुन सक्दैन? हुन सक्छ? मुख्य टिचरहरूले हात उठाऊ। पन्जाबकाले उठाइरहेका छैनन्, शङ्का छ र? अलिकति सोचिरहेका छन्, नसोच। गर्नु नै छ। अरूको नसोच, हरेकले आफ्नो सोच, आफ्नो त सोच्न सक्छौ हैन? अरूको छोड, आफ्नो सोचेर आफ्नो लागि त हिम्मत राख्न सक्छौ हैन? कि सक्दैनौ? विदेशीले राख्न सक्छौ? (हात उठाए) बधाई छ। अच्छा, अहिले जसले सम्झन्छौ, उनीहरूले दिलबाट हात उठाऊ, देखावटी होइन। यस्तो होइन सबैले उठाइरहेका छन्, त्यसैले मैले पनि उठाउँ। यदि दिलदेखि दृढ सङ्कल्प गर्छौ कि कारणलाई समाप्त गरेर निवारण स्वरूप बन्नु नै छ, जेसुकै पनि होस्, केही सहन गर्नु परोस्, मायाको सामना गर्नुपरोस्, एक अर्काको सम्बन्ध-सम्पर्कमा सहन पनि गर्नुपरोस्, म समस्या बन्नु छैन। हुन सक्छ? यदि दृढ निश्चय छ भने उनले पछाडि देखि लिएर अगाडिसम्म हात उठाऊ। (बापदादाले सबैलाई हात उठाउन लगाउनुभयो र सारा दृश्य टी.भी.मा हेर्नुभयो) राम्रो छ नि, एक्सरसाइज भयो! हात त्यसैले उठाइन्छ, जसरी अहिले एक अर्कालाई देखेर हात उठाउन उमङ्ग आउँछ नि! त्यसैगरी जब कुनै पनि समस्या आयो भने त्यतिबेला सामुन्ने बापदादालाई देख्नु, दिलदेखि भन्नु बाबा! बाबा हाजिर हुनु हुनेछ, समस्या खतम हुनेछ। समस्या सामुन्नेबाट हट्नेछ र बापदादा सामुन्ने हाजिर हुनु हुनेछ। "मास्टर सर्वशक्तिमान" आफ्नो यो टाइटल हर समय याद गर। नत्र बापदादाले अहिले याद-प्यारमा मास्टर सर्वशक्तिमान नभनेर सर्वशक्तिमान भन्ने? शक्तिमान बच्चाहरूलाई याद-प्यार, राम्रो लाग्छ? मास्टर सर्वशक्तिमान हौ, मास्टर सर्वशक्तिमानले के गर्न सक्दैनौ! केवल आफ्नो टाइटल र कर्तव्य याद राख। टाइटल हो "मास्टर सर्वशक्तिमान" र कर्तव्य हो "विश्व कल्याणकारी"। सदा आफ्नो टाइटल र कर्तव्य याद गरेमा शक्ति इमर्ज हुनेछन्। मास्टर बन, शक्तिहरूको पनि मास्टर बन, अर्डर गर, हर शक्तिलाई समयमा अर्डर गर। त्यसो त शक्ति धारण गर्छौ पनि, शक्तिहरू छन् पनि तर केवल कमी यो हुन्छ– समयमा प्रयोग गर्न आउँदैन। समय बितेपछि याद आउँछ, यस्तो गरेको भए धेरै राम्रो हुन्थ्यो। अब अभ्यास गर जुन शक्तिहरू समाहित छन्, तिनलाई समयमा प्रयोग गर। जस्तै यी कर्मेन्द्रियहरूलाई अर्डरले चलाउँछौ नि, हातलाई, पाउलाई चलाउँछौ नि! त्यसैगरी हर शक्तिलाई अर्डरले चलाऊ। कार्यमा लगाऊ। समाहित गरेर राख्छौ, कार्यमा कम लगाउँछौ। समयमा कार्यमा लगाउनाले शक्तिले आफ्नो कार्य अवश्य गर्नेछ। खुसी रहने गर, कहिलेकाहीँ कुनै बच्चाहरूको चेहरा धेरै सोच-विचारमा, थोरै ज्यादा गम्भीर देखिन्छ। खुसी रहने गर, नाच गाऊ, तिम्रो ब्राह्मण जीवन हो नै खुसीमा नाच्ने र आफ्नो भाग्य र भगवानको गीत गाउने। नाच्ने गाउने जो हुन्छन् नि, उनीहरू यस्तो गम्भीर भएर नाचेमा भन्छन् यसलाई नाच्न आउँदैन। गम्भीरता राम्रो हो तर टु मच

गम्भीरता, थोरै सोच विचारको लाग्छ।

बापदादाले त अहिले सुन्नुभयो– दिल्लीमा उद्घाटन भइरहेको छ (९ डिसम्बर २००१ मा दिल्ली गुडगाँवमा ओम् शान्ति रिट्रीट सेन्टरको उद्घाटन छ) तर बापदादा अब कुनचाहिँ उद्घाटन देख्न चाहनुहुन्छ? त्यो डेट त फिक्स गर, यो सानो ठुलो उद्घाटन त भइ नै हाल्छ। तर बापदादाले उद्घाटन चाहनुहुन्छ "सबै विश्वको स्टेजमा बाबा समान साक्षात फरिश्ता सामुन्ने आउन् अनि पर्दा खुलोस्।" यस्तो उद्घाटन तिमीहरू सबैलाई पनि राम्रो लाग्छ नि! रूहरिहानमा पनि सबैले भनिरहन्छन्, बाबाले पनि सुनिरहनुहुन्छ, बस् अब यही इच्छा छ– बाबाको प्रत्यक्ष गरौँ र बाबाको इच्छा छ– पहिला बच्चाहरू प्रत्यक्ष होउन्। बाबा बच्चाहरूको साथमा प्रत्यक्ष हुनुहुन्छ। एक्लै हुनुहुन्न। त्यसैले बापदादाले त्यो उद्घाटन देख्न चाहनुहुन्छ। उमङ्ग पनि राम्रो छ, जब रूहरिहान गर्छन्, त्यतिबेला रूहरिहानको समयमा सबैको उमङ्ग धेरै राम्रो हुन्छ। तर जब कर्मयोगी बन्छन् त्यतिबेला अलिकति फरक पर्न जान्छ। त्यसोभए माताहरूले के गर्नेछौ? ठुलो समुह छ माताहरूको। माताहरूलाई देखेर बापदादालाई धेरै खुसी हुन्छ। कसैले पनि माताहरूलाई यति अगाडि ल्याएनन् तर बापदादालाई माताहरू अगाडि बढेको देखेर खुसी हुन्छ। माताहरूको विशेष यो सङ्कल्प छ– जुन कसैले गरेर देखाएनन्, त्यो हामी माताहरूले बाबाको साथमा गरेर देखाउने छौं। गरेर देखाउँछौ? अब एक हातको ताली बजाऊ। माताहरूले सबैथोक गर्न सक्छन्। माताहरूमा उमङ्ग राम्रो छ। केही नबुझे पनि यो त बुझेका छौ नि– म बाबाको हुँ, बाबा मेरो हुनुहुन्छ। यो त बुझेका छौ नि! मेरो बाबा त सबैले भन्छौ हैन? बस्, दिलदेखि यही गीत गाइराख– मेरो बाबा, मेरो बाबा, मेरो बाबा...

अच्छा, अब बापदादाले एक सेकेन्ड दिनुहुन्छ, सबै अलर्ट भएर बस। बापदादासँग सबैको १०० प्रतिशत प्यार छ नि! प्यार प्रतिशतमा त छैन नि। १०० प्रतिशत छ? त्यसोभए १०० प्रतिशत प्यारको रिटर्न दिनको लागि तयार छौ? १०० प्रतिशत प्यार छ नि। जसको थोरै कम छ, उनीहरूले हात उठाऊ। पछाडि बच्नेछौ। यदि कम छ भने हात उठाऊ। १०० प्रतिशत प्यार छैन भने उनीहरूले हात उठाऊ। प्यारको कुरा गरिरहेको छु। (एक-दुईले हात उठाए) ठीक छ प्यार छैन, कुनै हर्जा छैन, हुनेछ। जानेछौ कहाँ, प्यार त गर्नु नै पर्नेछ। अच्छा, अहिले सबै अलर्ट भएर बसेका छौ नि! अहिले सबैले प्यारको रिटर्नमा एक सेकेन्ड बाबाको सामुन्ने अन्तर्मुखी भएर आफूले आफैसँग दिलदेखि, दिलमा सङ्कल्प गर्न सक्छौ– अहिले हामी स्वयं प्रति वा अरू प्रति समस्या बन्ने छैनौं। यो दृढ सङ्कल्प प्यारको रिटर्नमा गर्न सक्छौ? जसले सम्झन्छौ– जेसुकै पनि होस्, यदि केही भइ हाले पनि सेकेन्डमा स्वयंलाई परिवर्तन गर्नेछु, उनीहरूले दिलमा दृढ सङ्कल्प गर। जसले दृढ सङ्कल्प गर्न सक्छौ बापदादाले उनलाई मदत दिनुहुन्छ तर मदत लिने विधि हो दृढ सङ्कल्पको स्मृति। बापदादाको सामुन्ने सङ्कल्प लिएका छौ, यो स्मृतिको विधिले तिमीलाई सहयोग दिनेछ। त्यसोभए गर्न सक्छौ? शिर हल्लाऊ। हेर, सङ्कल्पबाट के हुन सक्दैन, आत्तिनु छैन, बापदादाको एक्स्ट्रा मदत अवश्य मिल्छ। अच्छा!

यस्ता सर्व तीव्र पुरुषार्थी श्रेष्ठ आत्माहरूलाई, सदा बाबाको प्यारको रिटर्न गर्ने हिम्मतवान बच्चाहरूलाई, सदा आफ्ना विशेषताहरूद्वारा अरूलाई पनि विशेष आत्मा बनाउने पुण्य आत्मा बच्चाहरूलाई, सदा समस्या समाधान स्वरूप विशेष अगाडि उड्ने बच्चाहरूलाई बापदादाको याद-प्यार एवं नमस्ते। रुहानी बच्चाहरूको रुहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

विदाइको समयमा:– आज विशेष जो मधुबनमा माथि सेक्युरिटीको कार्यमा बिजी छन्, ती बापदादाको सामुन्ने आइरहेका छन्। यज्ञको रेखदेख गर्नेहरूको धेरै ठुलो ड्युटी छ त्यसैले रेखदेख गरिरहेका छन्, टाढा बसेर पनि याद गरिरहेका छन्, त्यसैले खासगरी जो माथि कुनै पनि सेवा अर्थ बसेका छन्, चाहे ज्ञान सरोवरमा, चाहे पाण्डव भवनमा, चाहे शान्तिवनमा जति पनि रेखदेख गर्नेहरू छन्, उनीहरूलाई बापदादाले विशेष याद-प्यार दिइरहनु भएको छ। सबैले धेरै राम्रो मेहनत गरिरहेका छन्। अच्छा– सबै देश-विदेशका जसले पनि याद पठाएका छन्, उनीहरूले सम्झिउन् मलाई विशेष रूपमा बापदादाले याद दिनु भएको छ। अच्छा!

वरदान:– पुरानो संस्कार र संसारका रिश्ताहरूको आकर्षणदेखि मुक्त रहने डबल लाइट फरिश्ता भव

फरिश्ता अर्थात् पुरानो संसारको आकर्षणदेखि मुक्त, न सम्बन्धका रूपमा आकर्षण होस्, न आफ्नो देह वा कुनै देहधारी व्यक्ति वा कुनै वस्तुतिर आकर्षण होस्। त्यसैगरी पुरानो संस्कारको आकर्षणबाट पनि मुक्त– सङ्कल्प, वृत्ति वा वाणीको रूपमा कुनै संस्कारको आकर्षण नहोस्। जब

यस्तो सर्व आकर्षणहरूदेखि अथवा व्यर्थ समय, व्यर्थ सङ्गत, व्यर्थ वातावरणदेखि मुक्त बन्नेछौ तब भनिन्छ डबल लाइट फरिश्ता।

स्लोगनः– शान्तिको शक्तिद्वारा सर्व आत्माहरूलाई पालना गर्ने नै रुहानी समाजसेवी हो।